# गुरुङ बुद्धिजम

## भागः ३
## गुरुङको मौलिक चाडपर्वहरुः

नेपालमा धेरै जातजाति र सम्प्रदायहरु छन् । सबैको आ-आफ्नै चाडपर्वहरु छन् । बिशेष गरी जातजातिहरुको मौलिक चाडपर्वहरुलाई नियालेर हेर्दा, नेवार जातिको इन्द्रजात्रा, लिम्बु जातिको धानेनाच, राईजातिको साकेला, थारु जातिको माघी, मगर जातिको ......... तामाङ जातिको ....... र गुरुङ जातिको चाडपर्वहरु (पल्तो म्हिल्दोमै) निम्न अनुसार रहेका छन् ।

१. खेमानाँब (पितृपूजा)
२. रीँम्ह्र्युँ पर्व (भाइटीका)
३. नौगी पर्व (नउगी खाने)
४. ल्होछार (नयाँ वर्ष)
५. खिसरी पर्व (माघे संक्रान्ति)
६. ठ्होर्ल्हैं (सामाजिक पूजा)
७. गीतिकाव्य घाँटु (सांस्कृतिक पर्व)
८. क्यसो पर्व (साउने सक्रान्ति)

# १. खेमानाँब (पितृपूजा):

खेमानाँब (पितृपूजा) गुरुङहरुको राष्ट्रिय पर्व हो । तमू भाषामा 'खे' भनेको पितृ र 'मा' भनेको मातृ हो । खेमालाई सन्धि गरेर 'नाँब' अर्थात पूजा भन्ने शब्दलाई जोडेर समास गरिएको छ । त्यसैले 'खेमानाँब' भनेको पितृपूजा गर्ने क्रिया हो भन्ने बुझ्नु पर्दछ । पितृपूजा भनेको दिवंगत भएका मातृ पितृहरुको नाममा दौथर (पितृहरुको नाम) पढेर जल तर्पण र पिण्ड अर्पण गर्नु हो । पिण्ड भनेको दिवंगत भएका मातृ पितृहरुलाई चढाउने प्रसाद हो ।

प्रत्येक वर्ष असोज महिनाको शुक्लपक्षको सप्तमीदेखि पूर्णिमासम्म हराहरी नौ दिनसम्म मनाएर दशौं दिनमा समापन गरिने 'खेमानाँब' पितृपूजा गुरुङहरुको आफ्नै मौलिक रीतिथिति र परम्परामा आधारित प्राचीन पर्व हो । यो पर्व दशौं दिनमा समापन गरिने भएकोले छोटकारीमा दशै पनि भनेर भनिन्छ । दशै र खेमानाँब पर्वलाई तुलना गरेर हेर्दा, (भात र कैंइ) भने झै भाषिक अन्तर मात्र हो । विधिविधानमा कुनै अन्तर छैन । यो खेमानाँब पर्वको प्रचलन कहिलेदेखि हुदै आएको हो ? किन भएको हो ? कसरी भएको हो ? भन्ने बारेमा पर्व मनाउने विधिविधान सहित संक्षिप्त ऐतिहासिक पृष्ठभूमि तल उल्लेख गरिएको छ । यो पृष्टभूमि गुरुङहरुको मौखिक वेद 'पोङ्ब'मा भनिए अनुसार लेखिएको छ ।

## १. ऐतिहासिक पृष्ठभूमिः

साविकको मुस्ताङ जिल्लाको ठिनी गाउँको उत्तरी भेगमा आदिम् कालमा माउरो भन्ने जातिहरुको स्वतन्त्र एवं सम्पन्नशाली ठिनी राज्य थियो । त्यहाँ खदो भन्ने राजाले शासन गरेका थिए । उनले मिर्क्रैं भन्ने नामुद झाँक्री गुरुलाई कुलगुरु पदमा नियुक्ति गरेका थिए । शासन पद्धतिको सिलसिलमा राजा र कुलगुरुको बीचमा बैचारिक मतभेदका कारण शीत युद्ध भयो । अन्ततः राजाले शक्तिको दुरुपयोग गरेर कुलगुरुलाई पदच्युत गरिदिए । आफुलाई पदच्युत् गरिएकोमा मानहानी एवं अपमान भएको महशुस गरी कुलगुरुले राजसभामै तिम्रो वंशको सर्वनास् होस् भनी श्राप दिइ हिमालय पर्वततिर ध्यान गर्न गए ।

गुरुङहरुको सामाजिक परम्परा अनुसार कार्तिक र चैत्र महिनाको शिरमा 'ठ्होत्हैं' अर्थात सामाजिक पूजा गर्ने प्रचलन रहेको थियो । यो सामाजिक पूजा गर्नाले राज्यमा रोग व्याध र अनिकाल आउँदैन । गाउँ र समाज सम्पन्न हुन्छ भन्ने धार्मिक विश्वास र सामाजिक मान्यता रही आएको छ । त्यही विश्वास अनुरुप सामाजिक पूजा सम्पन्न भयो । तर, सामाजिक पूजा सम्पन्न भए पछि राज्यमा भारदारहरुबीच आपासी मनमुटाव, गुट र उपगुटमा बिभाजन भइ अशान्ति मच्चियो । त्यसको ठीक एक महिना पछि अष्टमीको रातमा खदो राजा र कुसु भन्ने रानीको हत्या भयो । राजा र रानीको हत्या भए पछि

राजगद्धी खाली राख्न हुँदैन भन्ने सिद्धान्त अनुरुप राजसभाका प्रमुख एवं महामन्त्री नन ख्वौँलाई राज्याभिशेष गरी राजगद्धीमा राखे । उनको पनि ठीक एक महिना पछि अष्टमीकै रातमा हत्या भयो । दोस्रो राजाको पनि हत्या भएपछि नयाँ राजा बनाउँन राजसभामा छलफल भयो । छलफलमा असु भन्ने मन्त्रीलाई राज्याभिशेष गरी राजगद्धीमा राखे । उनको पनि त्यही अवस्था भयो ।

यसरी प्रत्येक महिना राजा र रानीको हत्या हुन थालेपछि राज्यमा आतंक फैलियो । भारदारहरुबीच शंका उपशंकाको दुरी बढ्न थाल्यो । एकले अर्कोलाई शंकाको दृष्टिले हेर्न थाले । आ-अफ्नो गुट र उपगुटलाई मजबुत गर्न थाले । फेरि पनि नयाँ राजाको चयन गर्न राजसभामा छलफल भयो । तर, यस पटक भने कुनै पनि भारदारहरु राजा हुन चाहेनन् । किनभने, राजा हुने बित्तिकै एक महिना भित्र हत्या हुने निश्चित थियो । राजा र रानीको हत्या कस्ले गऱ्यो ? किन गऱ्यो ? कसैले पनि थाहा थिएन । थाहा हुनु पनि कसरी ? किनभने यस षड्यन्त्रमा मिर्कौं कुलगुरुको छलकपट थियो । अपमानको घाउ थियो । प्रतिशोधको ज्वाला थियो । त्यही प्रतिशोध र अपमानको बदला लिन आफुलाई पदच्युत् गरेको अष्टमीको मध्यरातमा हेरि हेरिनसक्ने, बुझि बुझिनसक्ने अजंगको 'अजिमो फजिमो' भन्ने मान्छे खाने भूतको रुपमा आएर राजा र रानीको हत्या गरी आफ्नो अपमानको घाउमा मलम लगाउँदथे । जुन कुरा भारदारहरु कसैलाई पनि

थाहा थिएन । त्यसैले, ढग महामन्त्रीको आदेश मुताविक सेनापति असैंको नेतृत्वमा एउटा टोली गठन गरी राजा र रानीको हत्या बारे अनुसन्धान गर्न थाले ।

त्यस बखत ठिनी राज्यमा कहलिएका कर्मअप भन्ने त्रिकालदर्शी नमगुरु नौ वर्ष, नौ महिना, नौ दिनसम्म गुफा बसेका थिए । गुफाबाट निस्किने दिनमा अनुसन्धानमा खटिएका टोली गुफामा पुगेर नमगुरुलाई गुफा बस्न सफल भएकोमा बधाई ज्ञापन गर्दै, तत्कालीन अवस्थामा राज्यमा भइरहेको जटिल समस्या, राजा र रानीको रहस्यमय हत्या र आतंकको बारेमा छलफल गरे । छलफल पछि तत्काल भइरहेको समस्याको समाधान गर्ने उपाय-हरुको परामर्श गर्न सेनापतिले नमगुरुलाई आग्रह गऱ्यो ।

नमगुरुले समयचक्रको अध्ययन गरेपछि यस पटकको उधौली र उभौलीको सामाजिक पूजा अर्थात 'ठ्होत्हैं' गर्दा बिधिबिधान नपुराई यज्ञ गरेको देखियो । त्यही अपूर्ण यज्ञलाई माध्यम बनाएर मन्त्र, तन्त्र, जादु, टुना, मुना र कुटज्ञानमा पारंगत् भएका एक जना झाँक्रीगुरुले बीर र मसान जगाई हेरी हेरिनसक्ने, बुझी बुझिनसक्ने 'अजिमो फजिमो' भन्ने अजंगको मान्छे खाने भूतको रुप धारणा गरी राजासंग आफ्नो बिगत्को हिसाब किताब पुरा गर्न अष्टमीको मध्यरातमा आएर छलछाम गरी राजा रानीको हत्या गर्ने गरेको देखिन्छ, भनेर भूतकालको कुरा स्पष्टसंग भन्नु भयो ।

यो 'अजिमो फजिमो' भन्ने अजंगको मान्छे खाने भूतलाई कसरी मार्न सकिन्छ भनेर सेनापतिले नमगुरुलाई सोध्यो ? यो मान्छे खाने भूतलाई पच्यु, ख्लेप्रँ र नमको वेदले पन्छाउँन र मार्न सक्दैन, भन्नु भयो । अब के उपाय छ त गुरु भनेर सेनापतिले सोध्दा, यो 'अजिमो फजिमो' भन्ने मान्छे खाने बीरमसान तीन आँखा भएका महाप्रतापी राजाले मात्र दमन गर्न सक्दछ । तर, समय बलवान छ । समय भन्दा बलवान कोहि पनि हुदैन । यस धर्तीमा कुनै पनि मानिसको जन्म हुन्छ भने त्यस्को मृत्यु पनि निश्चित छ । किनभने मृत्यु नै मानव जीवनको अन्तिम सत्य हो । अर्को कुरा, प्रत्येक कालखण्डमा अधर्मीहरुको अमानवीय व्यवहार र अत्यचारको ज्वालाले मानव समाजलाई तहश नाश गरी बिनाश गर्न खोजियो भने त्यस अवस्थामा मानव समाजको कल्यानका लागि श्रृष्टि कर्ताले एक न एक जना शक्तिशाली महापुरुषको जन्म गराउने चक्रव्यूह रचाइ सकेका हुन्छन् । मैले गणितको जोड घटाउ गरेर हेर्दा, हाम्रो ठिनी राज्यमा पनि कुनै महापुरुषको आगमान हुने समय नजिकै आइसकेको देखेको छु, गुरुले भविष्य वाणी गर्नु भयो । त्रिकालदर्शी नमगुरुको भविष्य वाणी सुनेपछि आयोगको टोली आश्चर्य प्रकट गर्दै राज्यतिर फर्किए ।

त्यस बखत ठिनी राज्यमा राजा नभएकोले महामन्त्री ढगको परामर्शमा राजसभा बस्यो । राजसभामा अनुसन्धान आयोगको प्रमुख सेनापतिले त्रिकालदर्शी नमगुरुले गरेको भविष्य वाणी जस्ताका तस्तै गरी सुनाए । नम गुरुको

भविष्यवाणी सुनेपछि राजसभाका सदस्यहरु सबै जिल्ला परे । सभामा सदस्यहरुले आ-आफनो राय राखे । तर, कुनै निष्कर्षमा पुग्न सकेन । सभा विसर्जन भयो ।

आज, भोलि, पर्सि गर्दै समय बित्दै गयो । फेरि सामाजिक पूजा अर्थात 'ठ्होत्हैं' गर्ने समय आयो । सनातनदेखि चली आएको परम्परा अनुसार सामाजिक पूजामा राजा र रानीको उपस्थिति अनिवार्य रहेको हुनाले राजा रानीको चयन गर्न फेरि राजसभा बस्यो । तर, राजसभाको सदस्यहरु कोही पनि राजा हुन मानेनन् । किनभने राजा भएपछि एक महिना मात्र उनको जीवन रहन्थ्यो । त्यसैले, राज्यका लाटा, गाँडा, सोझा, सादा र निमुखाहरुलाई फकाइ फुलाई राजा बनाई राजगद्धीमा राखिन्थ्यो । यसरी, सामाजिक पूजा गर्दा, नयाँ नयाँ राजा बनाउँने कार्य आठौं पटक पुगी सकेको थियो । राज्य चारैतिर असुरक्षित, भयभीत एवं आतंकित थियो । तथापि, सामाजिक पूजाका लागि नयाँ राजा बनाउँने प्रयत्न भैरहेको थियो । तर राजा हुने उम्मेदवार कोही थिएन ।

तमूको राजा र राजकुमारहरुले चैत्र र असोज महिनामा शिकार खेल्ने परम्परा रहेको हुनाले सोही मुताबिक सफुँती ख्याल्सका युवराज नोच्यन तमू असोज महिनामा आफ्ना सिकारी दलबल लिएर एक साताका लागि सफुँती क्याल्सबाट पूर्वदिशा हुदै सिकार खेल्दै आए । सफुँती ख्याल्स भनेको जुम्लाको सिञ्जा दुन्जा सिजापति शहर हो । यो ठाँउ साविकको जुम्ला जिल्लाको उत्तरपट्टि

पर्छ । रात परेपछि एउटा खोल्सा नजिकैको बन्दोबस्तको ओडारमा क्याम्प लगाएर बास बसे ।

राति अचानक ऋतु बिपरीत मौसम भएर भीषण हिमपात भयो । भीषण हिमपातका कारण हिमपहिरो आएर खोल्सा नजिकै क्याम्पमा बसेका शिकारी टोली सबै हिमपहिरोले बगाई लग्यो । युवराज नोच्यनको पुर्पुरोमा आगो ननिभेको हुनाले उनी हिमपहिरोबाट उम्केर भाग्न सफल भए । रातभर बेशुरमा भाग्दा भाग्दा जौ बारीमा आइ पुग्यो । जौ बारी देखेपछि, अब त गाउँ पनि नजिकै रहेछ क्यारे भन्ठानेर बाटो माथिको जौ बारीमा एकछिन आराम गर्न बसे । पहिरोको पीडा र रातभरको थकाइले गर्दा, त्यही बसेको ठाउँमा भुसुकै निदाए ।

बिहान सबेरै गाउँका गोठालाहरु भेडा बाख्रा चराउदै जौ बारीमा आइपुगे । बाटो माथिको जौ बारीमा भूत जस्तो अजंगको मानिस सुतिरहेको देखे । राज्यमा राजा र रानी मारी आतंक मचाउँने मान्छे खाने भूत त, यही पो सुतिरहेको रहेछ भन्ठानेर गोठालाहरु डरका कारण चिच्याउँदै गाउँ फर्केर बुढापाकाहरुलाई खबर गर्न पुगे । गाउँका मानिसहरु सिङ्गाझार पारी लाठी, मुढा, हाँसी, हथौडा, खुकरी, तरवार, भाला, त्रिशूल, धनुष आदि युद्ध सामग्री लिएर कोलाहाल मचाउदै जौ बारीमा पुगे । तर त्यो अजंगको मानिस अझै त्यही सुतिरहेको थियो ।

महामन्त्रीले मनमनै सोच्यो ? यो अजंगको मानिस मान्छे खाने भूत भएको भए त लुकिसक्नु पर्ने ? हराइसक्नु

पर्ने ? तर, यो त अझै त्यही सुतिरहेको छ ? अलि नजिकै गएर हेर्न पऱ्यो भन्ठानेर जनसमूहलाई एकछिन हल्ला नगर्नु भनी इशारा गरी आफुसंग ४, ५ जना भाला त्रिशुल लिएका बलिया ठिटाहरु लिएर त्यो सुतिरहेको मानिस निर पुगे । ए, तिमी मान्छे हो कि भूत हो, चर्कोसंग सोधे ?

चर्को आवाज सुनेर त्यो मानिस पनि उठ्यो र तपाइँहरु को हो भनेर सोध्यो ? तिमी भूत हो कि मान्छे हो, भनेर महामन्त्रीले पुनः सोधे ? त्यस बखत त्यो मानिसले म सफुँती ख्याल्सको युवराज नोच्यन तमू हुँ । एक साता अघि सिकार खेल्ने दलबलसहित ख्याल्सबाट निस्केको थिए । शिकार खेल्दै आउदा राति एउटा खोल्साको नजिकै ओडारमा क्याम्प लगाएर बास बसे । राति अचानक ऋतु बिपरीत मौसम भएर भीषण हिमपात भयो । भीषण हिमपातका कारण हिमपहिरो आएर खोल्सा नजिकै क्याम्पमा बसेका शिकारी टोली सबै हिमपहिरोले बगाई लग्यो । मेरो पुर्पुरोमा आगो ननिभेकोले म हिमपहिरोबाट उम्केर भाग्न सफल भए । रातभर बेसुरमा भाग्दा भाग्दा जौ बारीमा आइ पुग्यो । जौ बारी देखेपछि अब त गाउँ पनि नजिकै रहेछ क्यारे भन्ठानेर बाटो माथिको जौ बारीमा एकछिन आराम गर्न बसेको थिए । पहिरोको पीडा र थकाइले गर्दा, यही बसेको ठाउँमा भसुकै निदाएछु । अहिले तपाइँहरुको चर्को आवाज र कोलाहालले गर्दा बिउँझिए, राजकुमार नोच्यनले भन्यो ।

महामन्त्री ढगले युवराज नोच्यन तमूको कुरा सुनेपछि त्रिकालदर्शी नमले गरेको भविष्य वाणीको संझना आयो । फेरि पनि यो मान्छे राजकुमार हो कि होइन भनी महामन्त्रीले सुक्ष्म अध्ययन गऱ्यो । महामन्त्रीको अध्ययनमा नोच्यनको शारीरिक ढाचा यस्तो थियो । नोच्यन आग्लो, मोटो, टाउके, तीन आँखे, हात्तीकाने, बाघछाती, धनुष बाण भिरेको, तरवार सजाएको, कालो माला लगाएको युवराज नभए पनि होला होला जस्तो थियो । यस्तो अलंकारले सजिएको युवराजको अनुहारमा महाप्रताप, बीरता, र विजयको प्रतिविम्व प्रष्ट रुपमा महामन्त्रीले देखे । फेरि पनि तिमी के खान्छौ यस्तो अजंगको भएको ? तिम्रो पौराख के छ भनी सोध्दा, 'म एक छाकमा एउटा सिँङ्गै जीवत खान्छु' । मेरो पौराख भनेको माथिबाट आएको पैरो रोक्नसक्छु । तलबाट आएको आँधी तुफान रोक्नसक्छु । भूतप्रेतलाई दमन गर्न सक्छु । न्याय निसाफ गर्न सक्छु, भने । नोच्यनको कुरा सुनेपछि महामन्त्रीले सेनापतिसंग परामर्श गरे । उनले पनि आजको घटना र नमगुरुले गरेको भविष्य वाणी मिल्दो जुल्दो छ भनी सहमति जनाए ।

त्यसपछि, त्यहाँ उपस्थित जनसमुहलाई सम्बोधन गर्दै महामन्त्रीले भने, हे ठिनीबासी हो, हाम्रो ठिनी राज्यमा राजा नभएको हुनाले शासन व्यवस्था लथालिङ भएको छ । हत्या, हिंस, आतंक र अशान्ति फैलिएको छ । नमगुरुको भविष्य वाणी अनुसार तीन आँखे महाप्रतापी राजाले मात्र 'अजिमो फजिमो' भन्ने मान्छे खाने भूतलाई दमन गर्न

सक्छ भनेको छ । मेरो अध्ययनमा यो युवराज नोच्यन पनि तीन आँखे छ । महाप्रतापी र सुरवीर पनि देखिन्छ । हाम्रो राज्यमा राजा छैन । यी राजा भएर भूत प्रेतलाई दमन गर्न सक्यो भने हाम्रो ठिनी राज्य फेरी पनि सम्पन्न र शान्तिमय हुन सक्दछ भनेर प्रस्ताव गरे । त्यहाँ उपस्थित जनसमूह सबैले महामन्त्रीको प्रस्तावमा हुन्छ, हुन्छ, भनी जनसर्मथन जनायो ।

हे सफुँती ख्याल्सको राजकुमार नोच्यन, हाम्रो ठिनी राज्यमा राजा छैन । सुरवीर र प्रतापी राजा नभएको हुनाले हाम्रो शासन व्यवस्था लथालिंग भएको छ । हाम्रो राज्यमा राजा हुन तपाइँलाई स्वागत छ, महामन्त्रीले निवेदन गऱ्यो र स्वागतको लागि हात बढायो ।

नोच्यनले एकछिन चारै दिशातिर हेरे । त्यसपछि मन्त्रोचरण गरी त्यस स्थानको राम्रो नराम्रो लक्षणको बिचार गऱ्यो । लक्षण बिचार गर्दा, लक्षण राम्रो भएको देखेर नोच्यनले राजा हुने आसय प्रकट गरे । नोच्यनको आसय बुझेपछि महामन्त्रीले नोच्यनलाई त्यही जौ बारीमा पूजा गरी पगरी गुथाई ठिनी राज्यको राजा भएको घोषण गऱ्यो । नयाँ राजालाई ठिटाहरुले काँधमा बोकी नोच्यन राजा हुर्रे ! नोच्यन राजाको चिरायु होस् ! नोच्यनले भूतप्रेत दमन गर्न सफल होस् ! भन्दै फलाक्दै दरबारमा लगेर राज्याभिषेक गरे । त्यसपछि नयाँ राजाले राजसभा बोलाउँन महामन्त्रीलाई आदेश दियो ।

ठिनी राज्यमा नोच्यन राजा भएपछि प्रथम पटक राजसभाको बैठक बस्यो । महामन्त्रीले ठिनी राज्यको बिगत र बर्तमानमा भइरहेका समस्याहरुको बारेमा राजालाई अवगत गरायो । साथै नमगुरुले गरेको भविष्य वाणीको बारेमा पनि बतायो । अब केही कुरा बाँकी छ कि भनेर राजाले महामन्त्रीतिर हेरेर भने ।

एउटा काम बाँकी छ, महामन्त्रीले भन्यो । के काम बाँकी छ ? भनेर राजाले सोध्दा, हाम्रो परम्परादेखि चलिआएको रीतिरिवाज अनुसार राजगद्धीमा राजामात्र बसेर हुदैन । रानी पनि हुनु पर्छ भनेर भने पछि, अब के गर्ने त भनेर राजाले भने ।

तपाइँ चिन्ता गर्नु पर्दैन । भोलि बिहान राजसभाको सदस्यहरुका उमेर पुगेका बिबाह नभएका सबै छोरी-हरुलाई राजधारामा पठाईदिनु । त्यहाँ राजाले मन पराएको कन्यालाई रानी बनाइ ल्याउनेछ, महामन्त्रीले राजसभाका सदस्यहरुलाई सम्बोधन गर्दै आदेश दिए ।

बिहान महामन्त्री र सेनापतिसंग नयाँ राजा पनि राजधारामा पुगे । त्यहाँ कन्याहरु नुहाउँदै थिए । राजाले धाराको नजिकै गएर रुखको छलबाट कन्याहरुको लक्षण बिचार गरे । तर कुनै पनि कन्यासंग पञ्चम लक्षण नभएको थाहा पाए पछि राजा त्यसै फर्किए । राजा त्यसै फर्किएपछि कन्या मनपरेन कि कसो हो, महामन्त्रीले नरम स्वरमा सोध्यो । राज्यमा रानी हुने कन्यासंग पञ्चम लक्षण पनि हुन जरुरी छ, राजाले भने ।

त्यस्तो पञ्चम लक्षण भएको कन्या कहाँ हुन सक्छ त भनेर भन्दा, सफुँती ख्याल्सको दरबारको महापण्डित सात्हु भन्ने पैडिको छोरी पाङ्ग्रेस्यो (पाङ्ग्रेस्यो भनेको निधरमा सा-साना कालो दाग छिप्रेपाङ्ग्रे भएको)संग मात्र पञ्चम लक्षण छ भने पछि, आफ्नो शिकार खेल्ने दलबल लिएर सिकार खेल्ने बहानामा राजासंग सफुँती ख्याल्स गएर पाङ्ग्रेस्योलाई रानी बनाएर ल्याउनु भनी महामन्त्रीले सेनापतिलाई आदेश दियो । आदेश मुताविक सेनापति आफ्नो दलबल सहित राजासंग सफुँती ख्याल्स गएर पाङ्ग्रेस्यो पधेरामा एक्लै भएको बखत राजाले कुराकानी गरेपछि रानी बनाई ठिनी राज्यमा ल्याए ।

राजा रानी दरबार फर्किएपछि त्रिकालदर्शी नमगुरुको आर्शीवाद लिन गुफा गए । गुरुको आर्शीवाद लिनुका साथै गुरुलाई ठिनी राज्यको कुलगुरुको पदमा बसेर राज्य सञ्चालनमा आवश्यक परामर्श दिन पनि निमन्त्रण दिए । गुरुले पनि निमन्त्रणा स्विकार गर्दै भन्यो ।

हे राजन, यो कुलगुरु पद अत्यन्तै सम्मानित पद हो । तपाइँको यो निमन्त्रणाले म अत्यन्तै हर्षित हुनका साथै गम्भीर पनि छु । किनभने, जुन उद्देश्य लिएर तपाइँ यहाँ आउनु भएको छ, त्यो उद्देश्य मैले पुर्ति गर्न सकिन भने, म यो पदमा बस्नुको कुनै औचित्य हुँदैन । अर्को कुरो, राज्यलाई संकट परेको घडीमा यो पदले चुनौतीहरुको परवाह नगरी राज्यलाई संकटबाट मुक्ति दिलाउँन अत्यन्तै कठोर निर्णयहरु पनि गर्नु पर्ने अवस्था हुन सक्दछ । त्यस

अवस्थामा राजा र कुलगुरुकोबीच बैचारिक मतभेद हुन गयो भने, त्यो मतभेद्ले राज्यमा भयंकार नराम्रो संकट निम्त्याउँन सक्दछ । त्यसैले, यस सन्दर्भमा एउटा कथाको रुपमा ठिनी राज्यको अतीतलाई बताउँन चाहन्छु ।

ठिक पाँच वर्ष अगाडि ठिनी राज्यमा खदो भन्ने शक्तिशाली राजा शासन गर्दथे । उनले मन्त्र, तन्त्र, जादु, टुना, मुना र कुटज्ञानमा पारंगत भएका नामुद मिर्क्रौं भन्ने झाँक्रीगुरुलाई कुलगुरु पदमा नियुक्त गरेका थिए । शासन पद्धतिको सिलसिलमा कुलगुरु र राजाकोबीचमा बैचारिक मतभेद भएकाले राजाले शक्तिको दुरुपयोग गरी कुलगुरुलाई पदच्युत गरिदिए । कुलगुरुले आफ्नो अपमान भएकोमा तिम्रो राजबंश नाश होस् भनी श्राप दिई हिमालय पर्वततिर ध्यान गर्न गए । राजाले गरेको अपमानको बदला लिन झाँक्रीगुरुले वीर मसानको साधना गरी ‘अजिमो फजिमो’ भन्ने मान्छे खाने भूतको रुप धारणा गरी अष्टमीको मध्यरातमा आई राजा रानीको हत्या गरी आफ्नो अपमानको घाउमा मलम लगाउने गरेका छन् ।

यस प्रकार ठिनी राज्यमा पाँच वर्ष भित्र नौजना राजा र सातवटी रानीको हत्या भैसकेको छ । तपाइँ दशौं राजा हो । तपाइँले ती वीर मसानलाई दमन गर्न सकेन भने अब आउने अष्टमीको रातमा तपाइँको पनि मृत्यु निश्चित छ, नमगुरुले भविष्य वाणी गर्नु भयो ।

संयोगले म ठिनी राज्यको राजा भएको छु । अब मेरो दायित्व भनेको राज्यमा सामाजिक सुरक्षा एवं सुख शान्ति

कायम गरी उन्नति र प्रगति गर्नु हो । तर यो वीर मसानलाई निर्मुल नगरी शान्ति र सुरक्षाको काम सम्भाव छैन । त्यसैले, कुलगुरुबाट यो समस्याको निर्मुल गर्ने उपाए बताई दिनु होस्, राजाले निवेदन गर्यो ।

हे राजन, तिमी तीनआँखे, सुरवीर एवं महाप्रतापी पनि छौं । तिम्रो पराक्रममा कुनै शंका छैन । तर, मिर्कँ झाँक्रीगुरु मन्त्र, तन्त्र, टुना, मुना, कुटज्ञान, छलछाम र वीर मसानको साधना गर्न निपुण भैसकेका छन् । यो ऋतु बिपरीतको भीषण हिमपात पनि उनैको छलछाम हो । तथापि, झाँक्रीको वीर मसानलाई निर्मुल गर्न महाकालको महायज्ञ गरेर काल मोचन गरी मोहिनी जाल प्राप्त गर्नु पर्छ । कुनै पनि वीर मसान त्यो मोहिनी जालमा प्रवेश भैसकेपछि प्रेतात्मा मुक्त हुन सक्दैन । त्यसै बखत टिमुर र खुर्सानीको धूप दिएपछि प्रेतात्माको शाक्ति क्षिण हुदै जान्छ । त्यसै अवस्थामा अग्निवाण चलाउनु पर्छ । अग्निवाणबाट वीर मसानको प्रेतात्माको अस्तित्व समाप्त भएपछि त्यहाँ मिर्कँ झाँक्री गुरुको मृत शरीर मात्र रहनेछ भनी गुरुले वीर मसान मोचनको भेद खोलिदिए र आवश्यक शक्तिको बरदान पनि दिए ।

नमगुरुको परामर्श अनुसार अष्टमीको रातमा महाकालको महायज्ञ गरी यज्ञबाट प्राप्त मोहिनी जालमा वीर मसानलाई वशमा पारी अग्निवाण चलाउने बेलामा राजा नोच्यनले भन्यो –'हे मिर्कँ झाँक्रीमहागुरु, तपाइँ कुटज्ञानमा पारंगत भए तापनि तपाइँको समपूर्ण कर्महरु

मानव कल्याण र धर्म बिरुद्ध' भएकाले अब तपाइँको अन्त्य निश्चित छ भनी अग्नि वाण चलाएपछि 'अजिमो फजिमो'को रुपमा रहेको वीर मसानको अस्तित्व सदाको लागि समाप्त भयो ।

यसरी मान्छे खाने भूत 'अजिमो फजिमो' माथि विजय भएको खुसियालीमा ठिनी राज्यमा दीपावली गरी उत्सव मनाइयो । उत्सव मनाउँदा दिवंगत भएका नौ राजाहरुको नौवटा दुना र सातवटी रानीहरुको संझनामा सातवटा दुनामा भोजन राखी मातृ पितृहरुको स्मरणमा 'खेमानाँब' अर्थात् पितृपूजा गरी उत्सव मनाउँने कार्य सम्पन्न भयो । राजाले मान्छे खाने भूत माथि विजय प्रप्त गरेकोले राजसभाले राजालाई 'खोर्लोह्निर्मोछे' अर्थात चक्रचुडामणि मानपदवि प्रदान गरी सम्मान गरे । यसरी 'खेमानाँब' उत्सव ठिनी राज्यमा प्रत्येक वर्ष असोज महिनाको शुक्लपक्षको सप्तमीदेखि पूर्णिमासम्म राष्ट्रिय पर्वको रुपमा नियमित मनाउँने प्रचलन हुँदै आयो । यो प्रचलन गुरुङ समुदायमा आजसम्म पनि अविछिन्न चल्दै आएको छ ।

## २. खेमानाँबको बिधिबिधानः

१. सप्तमीको दिनमा जौ बारीबाट नोच्यनको स्वरुप फूलपाती ल्याउने ।

२. खेकु माडिको नाउँमा खेमा पूजा गर्ने ।

३. अष्टमीको राती 'अजिमो फजिमो' मार्ने महाकालको पूजा गर्ने ।

४. दाहिने पट्टिको दुनामा दुइवटा असला माछा अनिवार्य राख्ने ।
५. दशमीको दिनमा बूढापाकाहरुको हातबाट सेतो टीका ग्रहण गरी आर्शिवाद लिने ।
६. चेलीबेटीहरुलाई औकात अनुसार चेली भाग पुराउने ।
७. पूर्णिमाको भोलिपल्ट दशौं दिनमा समापन गर्ने ।

## ३. खेमानाँब (पितृपूजा) कसरी गर्ने ?

१. सवभन्दा पहिले घरको एउटा कुनामा लिपपोत गर्नु ।
२. त्यसमाथि केराको पात ओछ्याउनु ।
३. दाहिनेतिर कुल देउताको नाउँमा एउटा दुना राख्नु ।
४. मातृपितृको नाउँमा एउटा एउटा दुना राख्नु ।
५. बाया पट्टि अतिथि देवो भव भनेर दुईवटा दुना राख्नु ।
६. कुलदेवताबाट भातपानी राख्दै अतिथिमा सकाउँनु ।
७. पाँचवटा दुनामा भात, पानी र फलफूल राख्नु ।
८. मातृपितृको दुनामा एक एकवटा असला माछा राख्नु ।
९. दैलोनिर स्युरी धूप हाल्नु ।
१०. कुलदेउताको दाहिने पट्टि एउटा ध्यूको दियो बाल्नु ।

यति काम भैसकेपछि अब खेमा पूजाको स्थान तयार भयो । सबभन्दा पहिले 'खे र मा'को नाउँमा दुइ पटक ढोग गर्नु । ढोग गरिसकेपछि आज २०७९ सालको खेमानाँब पितृपूजा (खेमानाँब) लमजुङ ख्वोलसोँथर गाउँ पालिका वडा नं १ नजरे गाउँ बेसी साम्रो निवासी हाल:

अमेरिकाको मासाचुसेट राज्यको चेल्सी शहर १२० स्पेन्सर एभेन्यू बस्ने कालि बहादुरको नाति कर्म ह्रप्तेनको छोरा म डीबी गुरुङले मातृ पितृहरुको नाउँमा पितृपूजा गरेको छु । मातृ पितृहरु जुनसुकै स्थान र अवस्थामा भए पनि पितृ पूजामा आउनु होला भनेर आफ्नो खलकको दौथर पितृहरुको नामावली निकालेर पढदै जाने ।

यसरी पढदै जाँदा, मालु खे अप्रुछे ... धनबीर खे अप्रुछे ... काली मा अप्रुछे ... भन्दै पढ्दै पुछारमा पुगेपछि एक पटक धूप हाल्ने । धूप हालीसकेपछि पुनः पुछारबाट पढ्दै माथि आउने । सवभन्दा सिरानको नाम पढेर दौथरको बिर्को हाल्ने । बिर्को हालीसके पछि तपाइँ मातृ पितृहरु खानपान गरी सकेपछि आ-आफ्नो स्थानमा फर्किनु होला । अर्को पटक फेरि बोलाउँने छु भनेर धूप हालेपछि खेमापूजा समाप्त भएको मानिन्छ ।

गुरुङहरुको 'खेमानाँब' अर्थात् पितृपूजा गर्दा, असला माछा र डाँफेको मासु किन राख्ने भन्ने बिषयमा एउटा कथाको सन्दर्भ यस प्रकार उठान भएको छ । हिजो ठिनी राज्यमा राजपरिवारको अतिथिहरुको सत्कार र राज परिवारको भोजभतेर वा विशिष्ट पर्वहरुमा असला माछा र डाँफेको मासु हुनु पर्ने एउटा संस्कारनै बसिसकेको थियो । किनभने असला माछा माछाहरुमा उत्कृष्ट र डाँफेको मासु पंक्षीहरुको मासुमा उत्कृष्ट भएको हुनाले पनि यो संस्कार बसेको हुनु पर्छ भन्ने अनुमान गर्न सकिन्छ ।

**४. खेमानाँबको सकारात्मक पक्षः**

१. पितृहरुलाई जल तर्पण र पिण्ड अर्पण गर्न पाइने ।
२. मान्यजनहरुबाट आर्शीवाद प्राप्त गर्न पाइने ।
३. परिवारजन र इष्टमित्रहरु एकसाथ भेटघाट हुने ।
४. परिवारहरुबीच संगै खानपान गरेपछि मनपेट मिल्ने ।
५. सामूहिक भेटघाट र रमाइलो मनोरञ्जन गर्न पाइने ।

हिजो ठिनी राज्यबाट सुरु भएको खेमानाँब पर्व गुरुङहरुको आदिम राजधानी ‘ख्होल-सों-थर’मा फूल्न फल्न सफल भयो । तर ‘ख्होल-सों-थर’ छत्रभंग भएपछि गुरुङहरु दक्षिणी भेगमा तलतल झर्दै आए । त्यसैले, हाम्रो संस्कृति र संस्कारहरु ओझेलमा परे । यो कुरा सत्य हो । अब यसको संरक्षणका लागि हामीहरु सचेत हुन आवश्यक छ । यो पर्व ठिनी राज्यबाट सनातन चल्दै आएको गुरुङहरुको राष्ट्रिय पर्व हो । यो पर्वको ऐतिहासिक पृष्ठभूमि गुरुङहरुको आफ्नै मौलिक काव्य हो । यो पर्वलाई आ-आफ्नो गाउँ, ठाउँ, वडा, टोल, नगर, शहर र प्रवासमा पनि व्यापक रुपमा मनाउन सके हाम्रो खेमा प्रति साँचो अर्थमा भावपूर्ण श्रद्धाञ्जलि अपर्ण गरेको ठहरिने छ । खेमाम् शरणम् गच्छामि ।

## २. रीँम्ह्यु पर्व (भाइटीका):

तमू भाषामा 'रीँम्ह्युँ' पर्व भनेको (भाइटीका) दुदे, दीपावली जे नामले उच्चारण गरे तापनि माइती र चेली वा दाजुभाइ र दिदीबहिनीहरुबीचमा सुमधुर सम्बन्ध बनाइ राख्ने एउटा सम्बन्धको पर्व हो । यो गुरुङहरुको महत्वपूर्ण पर्व हो । यो पर्वमा औंसीदेखि भाइ टीकाको दिनसम्म तीन दिन राष्ट्रिय बिदा हुन्छ ।

खेमानाँब पर्वको पूर्णिमादेखि ठीक १५ दिनपछि अउने औंसीको दिनबाट आरम्भ हुन्छ । उक्त पर्वमा घरका चेलीहरु औंसिको दिनबाट माइता आउने क्रम सुरु हुन्छ । भाइटीकाको दिनमा दिदीबहिनी, फूपु चेलीहरुले आफ्नो माइतीको दीर्घायु, सुस्वास्थ्य एवं उत्तरोतर प्रगतिको कामना गर्दै निधरमा रंग बिरंगका टीका लगाइ दिन्छन् । प्रत्येक पर्वको पछाडि एउटा ऐतिहासिक पृष्ठभूमि लुकेको हुन्छ । यसै अनुरुप यो रीँम्ह्युँ (भाइटीका वा दुदे) पर्वको पछाडि पनि एउटा पृष्ठभूमि लुकेको छ । गुरुङको 'प्यताँ ल्हुताँ' अर्थात् श्रुति वेदमा आधारित पर्वको पृष्ठभूमि यस प्रकार रहेको छ ।

### १. ऐतिहासिक पृष्ठभूमिः

हिजो ठिनी राज्यको राजा नोच्यन 'खोर्लोह्निर्मोछे'को जेठो छोरा राजकुमार फैबच्यनको कुनै दिदी बहिनी थिएन । त्यसैले, भाइटीकाको दिनमा टीका लगाउँन ख्लेप्रैं गुरुको

सली भन्ने छोरीलाई दरबारमा निमन्त्रणा गरेर टीका लगाए । टीका लगाउने समयमा चेली र मइतीकोबीचमा आचावाचा बोल्यो । त्यो आचावाचा अनुसार सलीले भन्यो –'यस पटकको भाइटीकामा म सलीले तिमी फैबच्यन राजकुमारलाई दाइ मानेर तिम्रो निधरमा टीका लगाइ दिएकी छु' । यो टीकाको प्रभावले तिम्रो मनमा चिताएको पुगोस् । आँखाले देखेको प्राप्त होस् । तिमीमाथि कुनै जोरीबैरी आइ लागे मैले काँध थाप्छु । ममाथि कुनै जोरीबैरी आइ लागे तिमीले काँध थाप्नु भनी टीका लगाइ दिएको हुनाले यस् पर्वको नाम 'रीँम्ह्त्युँ' पर्व रहन गएको हो । यो पर्व चेली र माइतिबीचमा न्यानो सम्बन्ध र घनिष्टता प्रकट गराउने एउटा सेतुको रुपमा स्थापित भएको हुनाले पर्वको महिमा र लोकप्रियता पनि गुरुङ समाजमा अत्यन्तै गाढा छ । पर्वको अभ्यासमा गाउँ र ठाउँ अनुसार केही भिन्नता देखिए तापनि परम्परागत् बिधिबिधान यस प्रकार रहेको छ ।

## २. बिधिबिधानः

१. औंसीको दिनमा चेलीहरु माइता आउने ।
२. भाइटीकाको बिहान नुहाएर चोखो हुने ।
३. दुबो, सिरु र कुरिलोको एउटा सानो मुठो बनाउने ।
४. फूलमाला, टोपि र रंग बिरंगको टीका तयार पार्ने ।
५. माइतिलाई सम्मानसाथ राडी माथी बसाउँने ।
६. शुभ समयमा टीका लगाउने कार्य आरम्भ गर्ने ।

अब टीका लगाउँनु भन्दा पहिले करुवामा राखेको कुरिलोको मुठाले माइतिलाई बायाबाट दाँयातिर तीनचोटी पानी घुमाउने । त्यसपछि, टीका लगाइ दिने । टीका लगाउँने बेलामा चेलीले यसो भन्नु पर्छ –'यस पटकको रीँम्त्युँ पर्वमा म फलानाले तिमी फलानाको निधरमा भाइटीका लगाइ दिएकी छु' । यो टीकाको प्रभावले तिम्रो मनमा चिताएको पुगोस् । आँखाले देखेको प्रप्त होस् । दिर्घायु होस् । लक्ष्मीले बास गरोस् । फुलोस् फलोस् । तिमीमाथि जोरीबैरी आइ लागे मैले काँध थाप्छु । ममाथि जोरीबैरी आइ लागे तिमीले काँध थाप्नु भनि टीका लगाइ दिन्छन् । यो गुरुङको मौलिक प्रचलन हो ।

माइतिले टीका थापिसकेपछि आफ्नो इज्जतानुसार नगद, जिन्सि वा उपहार प्रदान गरी चेलीलाई सम्मान गर्दछन् । त्यसपछि, खानपान, रमाइलो कार्यक्रम, देउसी भैलोका साथ नाचगान गरी रीँम्त्युँ पर्व अर्थात् (भाइटीका) पर्व मनाउँने सनातनदेखि चलि आएको छ ।

## ३. नौगी पर्व (न्वागी):

नेपाल कृषि प्रधान देश भएको हुनाले देशको अर्थतन्त्र कृषिमा आधारित रहेको छ । असारमा धान रोपेपछि मंसीरमा धान थन्काउँने समय हुन्छ । मंसीरको ठुलो एकादशी वा त्यसको आसपासमा कुनै राम्रो तिथिमा आफ्नो अनुकूलमा न्वागी खाने कार्य गरिन्छ । न्वागी भनेको आफुले कृषिबाट उत्पादन गरेको अनाजको बास्तविक गुणस्तर र स्वादको परिक्षण गर्नु हो ।

न्वागी खाँदा, सर्वप्रथम चामलको सिरौटा दहीमा भिजाएर खान तयार पारिन्छ । चोखो भात पकाएर पितृ देउतालाई चढाइछ । त्यसपछि, सुन्तला जत्रो तीनवटा डल्लो बनाएर ओदानको तीन कुनामा चढाउँछ ।

त्यसपछि, एक एकवटा भातको डल्लो र सिरौटा असारमा दु:ख गर्ने गोरुलाई खान दिन्छ । यति काम सकिएपछि नाता, कुटुम्ब, चेलीबेटी र भाइबन्धुहरुसंगै बसेर नयाँ अनाजको खाना र सिरौटा खान्छन् । यो न्वागी खाने परम्परा कृषि उपजको उत्कृष्ट पर्व हो । यो पर्व गुरुङ समाजमा अत्यन्तै लोकप्रियताका साथ मनाइन्छ । तर आजभोली सबै मानिसहरु शहर र प्रवास पलायन हुन थालेकाले न्वागीको महिमा र गरिमा भोलीको पुस्तामा पुस्ता हस्तान्तरण गर्न आवश्यक रहेको देखिन्छ ।

## ४. ल्होछार (नयाँ वर्ष):

नेपालमा बसोबास गर्ने आदिवासी जनजातिहरु मध्ये ल्होछार मनाउने जातिहरुमा मुलत गुरुङ, तामाङ, ह्योल्मो, शेर्पा, थकाली, ल्होवा, बाह्रगाँउले, तोप्केगोला र मनाङगे आदि छन् । यो ल्होको सिद्धान्त उपरोक्त जातिहरुमा मात्र सीमित नभएर सिक्किम, भुटान, चीन, बर्मा, भेतनाम, कम्बोडिया, लावस, थाइलैन्ड, ताइवान, हङकङ, मंगोलिया, कोरिया र जापानमा समेत अभ्यास गरेको पाइन्छ ।

प्रत्येक पौष १५ को दिनमा गुरुङहरुले नयाँ वर्षको रुपमा 'ल्होछार' पर्व मनाउने गर्दछन् । यस अवसरमा आफ्नो परम्परानुसार पच्यु, ख्लेप्रीँ र लमगुरुलाई बोलाई पूजापाठ गरी ग्रह शान्ति गर्ने, मिठो मसिनो खाने, राम्रो लाउने र रमाइलो संस्कृतिक कार्यक्रम गरी धुमधामसंग पर्व मनाउने प्रचलन रही आएको छ । ल्होछार मनाउने सवालमा गाउँ, ठाउँ र समाज अनुसार कार्यक्रमहरुमा केही भिन्नता देखिए तापनि मूल विषयमा भिन्नता छैन ।

ल्होछार भन्ने शब्दले गुरुङहरुले मनाउँदै आएको मौलिक पर्व वा नयाँ वर्ष भन्ने भावार्थ बुझाउँदछ । यो पर्व गुरुङ समाजमा पौष १५का दिन पूजापाठ गरी रिपु लाउने, ग्रह शान्ति गर्ने, मिठो मसिनो खाने र साँझ दीपावली गरी राती रोधींमा वा सामूहिक रुपमा स्योकैँइ खाइ पर्व मनाउने प्रचलन रही आएको थियो । तर अहिले ब्यापक रुपमा मनाउन थालेका छन् ।

ल्होछार शब्दको व्युत्पत्ति दुइवटा शब्दहरुको रचनाबाट भएको छ। ल्हो = बर्ग र छार = नयाँ अर्थात नयाँ वर्ष भन्ने भावार्थ हुन आउँछ। यो दिन पृथ्वीले आफ्नो कक्ष परिवर्तन गर्ने भएकाले त्यही दिन गुरुङहरुले नयाँ वर्ष मनाउने गरेका हुन्। तमू पार्कमा जम्म १२ ल्होहरु छन्। ती ल्होहरु यस प्रकार छन्।

१. चि ल्हो = मुसा बर्ग (निम्युँ ल्हो)
२. लोँ ल्हो = गाई बर्ग (म्य ल्हो)
३. तो ल्हो = बाघ बर्ग (चिदो ल्हो)
४. हेँ ल्हो = बिरालो बर्ग (न्वार ल्हो)
५. मुफ्रि ल्हो = गरुड बर्ग (क्ब्रे ल्हो)
६. सफ्रि ल्हो = नाग बर्ग (म्लोँरी ल्हो)
७. त ल्हो = घोडा बर्ग (तडा ल्हो)
८. ल्हु ल्हो = भेडा बर्ग (क्युउ ल्हो)
९. प्र ल्हो = बाँदर बर्ग (तिम्युँ ल्हो)
१०. च्ह्य ल्हो = चरा बर्ग (निमी ल्हो)
११. खि ल्हो = कुकुर बर्ग (नक्यु ल्हो)
१२. फो ल्हो = मृग बर्ग (फो ल्हो)

## १. तमू ल्हो फलः

१. चि ल्होः (मुसा बर्ग)का मानिसहरु सुन्दर, सरल र आर्थिक रुपले सम्पन्न हुन्छन्। जुनसुकै कठिन परिस्थितिमा पनि काम गर्न सक्ने परिश्रमी र महत्वाकांक्षी

स्वभावका हुन्छन् । काम गर्दा सबैसंग मिल्न सक्ने भएकोले साथीहरुबाट राम्रो सहयोग प्राप्त भइरहन्छन् ।

२. लोँ ल्होः (गाई बर्ग)का मानिसहरु धैर्यवान, सहयोगि र अरुलाई प्रेरणा दिइ आत्मविश्वास बढाउँन सहयोग गर्ने प्रवृतिका हुन्छन् । स्वभावमा अलि लज्जालु एवं शंकालु भए तापनि स्पष्ट वक्ता र स्वतन्त्र बिचारका हुन्छ ।

**३.** तो ल्होः (बाग बर्ग)का मानिसहरु निडर, स्पष्ट वक्ता, वीर, साहसी, शक्तिशाली र आधिकारिक स्वभावका हुन्छन् । कुनै पनि काम निसंकोच गर्ने र शान्तसंग बस्न रुचाउँने चरित्रका हुन्छन् ।

४. हैँ ल्होः (बिरालो बर्ग)का मानिसहरु तिक्ष्ण बुद्धि र महत्वकांक्षी हुन्छन् । स्वभावमा अलि रिसालु भए तापनि रचनात्मक एवं सिर्जनात्मक काम गर्न रुचाउँने, बिवेकशील र उद्यामी हुन्छ । अलि परम्परावादी सोच भए तापनि समस्या समाधान गर्न सक्ने क्षमता राख्दछन् ।

५. मुफ्रि ल्होः (गरुड बर्ग)का मानिसहरु प्रायः आत्मविश्वासी हुन्छ । कुनै पनि अवस्थामा कसैसंग संझौता नगर्ने, उत्साही, निडर, झुटो व्यवहार नगर्ने, जिद्दी गर्ने र आफ्नै तरिकाले बाँच्ने स्वभावका हुन्छन् ।

६. सफ्रि ल्होः (नाग बर्ग)का मानिसहरु प्रायः भाग्यवादी हुन्छन् । आर्थिक रुपमा सम्पन्न, मिहिनेती, फुर्तिलो, भलादमी भए तापनि स्वभावमा अलि कन्जुसी हुन्छ । आफ्नो काम आफै गर्ने भएकोले अरुले गरेको काममा त्यति सन्तुष्ट हुदैनन् ।

७. त ल्होः (घोडा बर्ग)का मानिसहरु कर्तव्यवादी हुन्छ । स्वभावमा सौन्दर्य प्रेमी, समाजसेवी, दूरागामी, निडर, सुरवीर, आत्मविश्वासी र प्रतिभाशाली भए तापनि आर्थिक रुपले अलि लचिलो हुन्छन् ।

८. ल्हु ल्होः (भेडा बर्ग)का मानिसहरु प्रायः आशावादी र आदर्शवादी हुन्छन् । स्वभावमा अलि लज्जालु भए तापनि दयालु, शान्त, दानी, धार्मिक, समाजसेवी, परम्परावादी र सत्यवादी हुन्छन् ।

९. प्र ल्होः (बाँदर बर्ग)का मानिसहरु घरायसी कार्यमा व्यवहारिक भए तापनि अलि चंचल स्वभाव हुन्छन् । आफ्नो कार्य क्षेत्रमा निपुणता, दक्षता र प्रभावकारिता राख्ने भएको हुनाले अलि महत्वाकांक्षी पनि हुन्छन् ।

१०. च्ह्य ल्होः (चरा बर्ग)का मानिसहरु परम्परावादी हुन्छन् । स्वभावमा अत्यन्तै सरल, नम्रता र मृदुभाषी भए तापनि आत्मशक्ति भने अलि कमजोर हुन्छन् । आफ्नो

कर्म क्षेत्रमा लगनशीलता, दृढता, इमान्दारिता र कुशलता हुने भएकोले सजिलै संग लक्ष्य प्राप्त गर्दछन् ।

११. खि ल्होः (कुकुर बर्ग)का मानिसहरु कर्तव्य पालनमा दृढ संकल्प गर्दछन् । सिद्धान्तमा भन्दा व्यवहारमा, मित्तव्यपितामा भन्दा कर्तव्यमा बिश्वास राख्दछन् । कर्म र उद्योगमा बिश्वास राख्ने भएकोले लक्ष्मीले सधै बास गरेको हुन्छ । स्वभाव भने अलि स्वार्थी हुन्छन् ।

१२. फो ल्होः (मृग बर्ग)का मानिसहरु प्रायः प्रकृतिवादीका हुन्छन् । स्वभावमा अलि शंकालु देखिए तापनि कार्य क्षेत्रमा भने ज्यादै उन्नत र व्यावहारिक हुन्छन् । सद्भाव प्रेमी, सहअस्तित्व र भाइचारा नीतिमा निपुण हुने भएकोले सामाजिक क्षेत्रमा विशेष भूमिका राख्ने हुन्छन् ।

नोटः बर्ग चक्रको सिद्धान्त अनुसार १२ वटा जनवारहरुको नामबाट ल्होचक्रको गणना गरिन्छ । एउटा चक्र सकिए पछि त्यसलाई एउटा ल्होकोर मानिन्छ । अर्थात् एउटा ल्होकोरमा १२ वर्षको समय समाप्त भएर १३ वर्षमा उग्लिन्छ । बर्गचक्रको गणना गर्दा घडीको दिशामा गरिन्छ तर बर्गचक्र सर्ने क्रिया भने घडीको बिपरीत दिशामा हुन्छ । उल्टो घुम्ने सुल्टो गन्ने पार्क चक्रको मौलिक विशेषता हो ।

गुरुङहरुले मनाउदै आएको तोब ल्होछार हो । गुरुङ भाषामा तोबको अर्थ फर्कने अर्थात् परिवर्तन हुने भावार्थ बुझाउँदछ । अर्थात पौष १४ का राती पुरानो बर्ग जाने र नयाँ बर्ग आउने क्रम सुरु हुन्छ । यही क्रमलाई तमू ल्होछार भनेर भनिन्छ। प्रत्येक चाड पर्वको पछाडी एउटा ऐतिहासिक पृष्ठभूमि हुन्छ । ल्होछारको पृष्ठभूमि यस प्रकार रहेको छ ।

## २. ऐतिहासिक पृष्ठभूमिः

हिजो नोच्यन 'खोर्लोह्मिमोर्छे' ठिनी राज्यको राजा भएपछि राज्यमा दुःख दिने हेरि हेरिनसक्ने, बुझि बुझिनसक्ने अजंगको मान्छे खाने 'अजिमो फजिमो' भन्ने भूतलाई मारे पछि ठिनी राज्य समृद्धि भयो । त्यसैले, राजा नोच्यन खार्लोह्मिमोर्छेको शासनकाललाई ठिनी राज्यको इतिहासमा स्वर्ण युग भनिन्छ ।

त्यसबखत ठिनी राज्यमा पात्रोको कुनै बिकास भएको थिएन । त्यसैले, बैज्ञानिक ढंगबाट नक्षेत्रहरुको अध्ययन र अनुसन्धान गरी पात्रोको थालनि गर्नका लागि प्राज्ञिक-हरुको एउटा टोली बनाई नक्षेत्रहरुको अध्ययन गर्न अह्राए । ती प्राज्ञिकहरुले सम्पूर्ण नक्षत्रहरुको वर्षौंसम्म लगातार अध्ययन र अनुसन्धान गरेपछि पौष १४ को राति पृथ्वीले आफ्नो कक्ष परिवर्तन गर्ने थाहा भएको हुनाले त्यो रात वर्ष भरीको रात मध्येमा सवभन्दा लामो रात हुने र दिन मध्येमा सवभन्दा छोटो दिन हुने तत्थ्य पत्ता लगाए ।

उक्त तत्थ्य पत्ता लगाएपछि प्राकृति पूजा गर्ने बोन धर्मको सिद्धान्त अनुसार चीन र तिब्बतमा प्रचलित बर्ग चक्रको आधारमा एउटा बर्ग जाने र अर्को बर्ग आउने अर्थात ल्हो तोब वा बर्ग फेरिने दिन पच्यु, ख्लेप्रैं र नमगुरुहरु बोलाइ महाकालको पूजा गरी ग्रह शान्ति गर्ने र पुसको १४ गतेको राती स्योकैंइ अर्थात बनभोज खाएर नयाँ वर्ष मनाउँने कार्य आरम्भ गरेका हुन् । यही परम्परा गुरुङ समुदायमा अबिछिन्न रुपमा चल्दै आएको छ । विस २०५२ सालदेखि 'तमु छोँज धीँ'को आह्वानमा गुरुङ समुदायले पौष पन्ध्रलाई ल्होछारको रुपमा हर्ष उल्लासका साथ मनाउँदै आएका छन् । यो माहोलले गुरुङको जातीय पहिचानलाई भुगोलको कुनाकाप्चसम्म परिचय गराउँन सफल भएको छ । यो अत्यन्तै सकारात्मक पक्ष हो ।

### ३. सोनाम र ग्याल्पो ल्होछार:

आगे तिब्बतमा स-साना राज्यहरु थिए । जहाँ धर्मगुरुहरु धर्म शासक हुने गर्दथे । तिब्बतको इतिहास अनुसार स-साना राज्यहरु एकीकृत हुदै पनि रहे । छुट्टीदै पनि गए । यसरी छुट्टीने र एकीकृत हुने तिब्बतको राजनीतिक माहोल नै थियो । त्यसै बखत तिब्बतको आकासमा एउटा नयाँ ध्रुवतारा उदायो । जसको नाम तिब्बतको इतिहासमा महागुरु श्रोङखापा भनेर प्रख्यात छ । महागुरु श्रोङखापाले बिभाजित भएर बसेका स-साना धर्म राज्यहरुलाई धार्मिक रुपमा एकीकृत गर्ने उद्देश्यले

सन् १४०९ को बसन्त ऋतुको आगमानको पूर्व सन्ध्यमा तिब्बतको राजधानी ल्हासामा शान्ति र एकीकृतको नाउँमा दुईहप्ते महापूजाको आयोजना गरे । त्यस महापूजामा सम्पूर्ण राज्यहरु र द्वितीय दलइ लामा समेत सहभागी भए । यस महापूजाबाट तिब्बत फेरी सैद्धान्तिक रुपमा एकीकृत भए । तदन्तर, यो दुइहप्ते महापूजा वर्षेनि त्यही समयमा हुदैरहे ।

कालन्तरमा, यो पूजाले तिब्बतमा राष्ट्रिय पर्वको रुप लियो र राष्ट्रिय पर्वकै रुपमा मनाउँदै आयो । यस दौरान चीनको महान राजनेता मावत्से तुङको सांस्कृतिक क्रान्तिसंग तिब्बतका धर्म शासक १४औं दलइ लामाको मत् भिन्नता भएपछि सन् १९५९मा दलइ लामालाई तिब्बत छाडन दवाव दिइयो । फलत: दलइ लामा भारत निर्वासित हुन विवश भए ।

हिमाली भेकमा बसोबास गर्ने शेर्पा, तामाङ र ह्योल्मो जातिहरुको भाषा, भेषभूषा, संस्कृति र संस्कारहरु तिब्बतीयन संस्कृतिसंग धेरै नजिक छ । त्यसैले, तिब्बतमा मनाइने सोनाम र ग्याल्पो ल्होछारको प्रभाव पनि तामाङ, ह्योल्मो र शेर्पा जातिहरुमा बढी प्रभावित भएको देखिन्छ । तिब्बतीयन संस्कारमा माघ महिनाको शुक्लपक्षमा सोनाम र फागुन महिनाको शुक्लपक्षमा ग्याल्पो ल्होछार मनाउने प्रचलन रहि आएको छ ।

ल्होछार मनाउँने परम्पराका जातिहरुबीच पर्व मनाउँने समयमा केही भिन्नता देखिए तापनि मुलत

ल्होकोर अर्थात् बर्ग चक्रको सिद्धान्त र बर्ग एउटै हो । अर्को कुरो मगरहरुको भेषभूषा, रहन सहन, खानपान र सामाजिक मान्यताहरु गुरुङहरुसंग धैरै मिल्दो जुल्दो देखिएको हुनाले मगरहरु पनि ल्होछारको प्राकृतिक सिद्धान्तबाट टाढा नरहेको तथ्यलाई नकार्न मिल्दैन ।

## ४. ल्होछारको सकारात्मक पक्ष:

यो ल्होछार पर्व नयाँ वर्षको पावन अवसरमा मनाइने पर्व भएको हुनाले छरिएर रहेका परिवारका सदस्यहरु पनि पारिवारिक भेटघाटका लागि अ-आफ्ना वास स्थानमा फर्कने प्रयास गर्दछन् । गुरुङहरुको प्राचीन संस्कार अनुसार आफ्नो पुरेतहरु पच्यु, ख्लेप्रैं र लमगुरुहरुबाट स्वस्ति शान्ति गरी मंगल, सुखवती र द्रव्यसुत्रको पाठ गरी रिपु लगाएर नयाँ कामहरु थालनी गरेमा सफलता प्राप्त हुने धार्मिक विश्वास छ ।

अर्को कुरो, परिवारजन भित्र कुनै कारणबस मनमुटाव भएर तितो-मिठो हुन गएमा ल्होछारको पावन अवसरमा सबै भेला भइ आ-आफ्नो कमी कमजोरीहरुलाई आफैले आत्मसमिक्षा गरी एकै हारमा बसेर भोज खाएपछि आपासी सदभाव वृद्धि भएर पारिवारिक मेलमिलाप हुने र भावनात्मक एकताबाट कार्यगत् एकताको प्रतिफल प्राप्त गर्न सक्ने यस पर्वको सकारात्मक पक्ष हुन् । यसका साथै पर्वमा प्रतिष्ठित साहु महाजनहरुले आफ्नो औकात अनुसारको आर्थिक सहयता प्रदान गरी प्रतिष्ठा कमाउने

सवालमा तछाँड मछाड गर्दछन् । ल्होछारको पावन अवसरमा दिइने दान दातव्यहरुको प्रतिफल आफ्ना मातृ पितृहरुले समेत प्राप्त गर्न सक्ने र आफुले सुगति प्राप्त गरेपछि पनि दानको प्रभावले बुद्धक्षेत्रमा बास पाउँन सक्ने बुद्धबचनको दानसूत्रमा उल्लेख गरेको पाइन्छ ।

जनजातिहरुले ल्होछार पर्व मनाउने समय फरक फरक भएको हुनाले समूह समूहमा बिभाजन भएको देखिन्छ । प्राचीन कालमा भौतिक असुविधका कारणबाट समय र समूहमा बिभाजन भएको कुरा नकार्न मिल्दैन । तर, आज २१औं सताव्दीमा भौतिक असुविधाहरुको कुनै कारक छैनन् । त्यसैले, यी जातिहरु सबै एकीकृत भएर एउटा मिलन बिन्दुको आधार रोजेर एउटै समयमा ल्होछार मनाउन सकेमा बढी गहकिलो हुने हुँदा, यस विषयमा ल्होछार मनाउँने जातिहरुले आफुलाई अनुकूल हुने मिलन बिन्दुको खोजी गर्न आवश्यक भएको देखिन्छ ।

## ५. खिसरी पर्व (माघे संक्रान्ति):

यो खिसिरी पर्व भनेको माघे संक्रान्तिको दिनमा कालो दाल र तरुल मिसाएर ध्यूमा पकाएको खिसिरी खाने पर्व हो । यो खिसिरी पर्व कन्दमूल खाएर जिविका गर्ने समयदेखि चलिआएको पर्व हो । यो पर्वको दिनमा बिहान सबेरै खिसिरी लगेर पधेरामा चढाएर नुहाउँनु पर्छ । नुहाउँने बेलामा अक्ष्यु अक्ष्यु चिसो भयो भन्नु हुँदैन । त्यसो भन्यो भने मरेपछि सुँगुरको जुनिमा जन्मिन्छ भन्ने धार्मिक विश्वास रहेको छ ।

उहिले गुरुङहरु सबै गाउँमै बस्दथे । त्यसैले, गाउँमा रमाइलो थियो । त्यस बखत माघेसक्रान्तिको रातमा रोधीँ घरका युवा युवतीहरु गाउँका सिल्दो, साक्षी, देवी वा भयारीको थानमा जमा भएर दोहरी भाषामा लोक गीत गाएर रमाइलो कार्यक्रम गरी रातभर जाग्राम बस्दथे । कुनैकुनै समुहहरु भरिया तरिया लगाएर खाना पिनाका सामग्रीहरु र ओढने ओक्ष्याउने सबै लत्ता कपडाहरु बोकेर पोखरा ढुंगेसाँधु नुहाउँन जाने प्रचलन पनि थियो । तर, आज भोलि अधिकांश गुरुङहरु शहरीयकरण हुन थालेकाले पुराना चलनहरु पनि प्रायः हराइ सकेका छन् । यो प्रचलन मौखिक रुपमा मात्र सीमित रहन गएको छ ।

## ६. ठ्होत्हेँ (सामाजिक पूजा):

गुरुङहरुको परम्परमा ठ्होत्हेँ पर्व वा सामाजिक पूजाको महत्वपूर्ण स्थान छ । गुरुङ गाउँहरुमा यो पर्व उभौली र उधौली गरी दुइ पटक मनाउँने चलन रहेको छ । उभौलीको चैत्र शुकलपक्षमा र उधौलीको कार्तिक शुक्लपक्षमा गरिन्छ । तर, आजभोलि सावन महिनामा पनि गरिन्छ । सावन महिनामा के कारणले गरिन्छ ? किनभने उद्यौलीको मसय भनेको भदौको शुक्लपक्षबाट आरम्भ हुन्छ । यो ठ्होत्हेँ पर्व मनाउँने सवालमा गुरुङहरुको आफ्नै मौलिक कारण र विशेषताहरु छन् ।

यो ठ्होत्हेँ पर्व वा सामाजिक पूजा पच्यु, ख्लेप्रैँ र लम जुनसुकै पुरोहितहरुले पनि गर्न सकिन्छ । यो पर्व शुक्लपक्षको मंगलबार पारेर आयोजना गरिन्छ । यो पूजा गर्ने दिनमा पुरोहितहरुले बिहान सामाजिक धरमा स्वस्ति शान्ति गर्दछन् । दिनमा गाउँलेहरु सबै मिलेर बाटो घाटो सरसफइ गर्ने र गाउँको सिरान र पुच्छारमा भक्याँलाको काठबाट गेट बनाएर त्यो गेटमा भाला, त्रिशुल, धनुष काँड, सिस्नु, धंगरीको काँडा, स्त्री पुरुषको लिङ्गको चिन्ह र दुइवटा भूतको पुतला बनाएर झुन्ड्याउँछ । घंगरीको काँडा हलेर बाटो थुनेको हुन्छ ।

यसरी गाउँको शिरान र पुच्छारमा काँडा हलेर बाटो छेक्नुको अर्थ एक दिन गाउँ बारेको अर्थ हुन्छ । यसको

अर्थ के हुन्छ भने कुनै पनि भूतप्रेतले गाउँलाई हानी नोक्सानी गर्न यो गेटबाट छिरेर आउन पाउँदैन वा सक्दैन भन्नु हो । गाउँ बार्नु भनेको त्यो दिनमा गाउँमा कुनै पनि पाहुँनाहरुलाई प्रवेश निषेध गर्नु र गाउँबाट पनि कुनै मानिसहरु घर छाडेर अन्यत्र पनि नजानु हो । गएमा पूजाबाट उपलब्धि प्राप्त हुदैन । यसरी बाटो थुन्नुको अर्थ हिजो ठिनी राज्यमा हेरि हेरिनसक्ने, बुझि बुझिनसक्ने अजंगको 'अजिमो फजिमो' भन्ने मान्छे खाने भूतको कथा 'खेमानाँब' पर्वमा हेर्नु ।

## ७. गीतिकाव्य घाँटु (सांस्कृतिक पर्व):

घाँटु भनेको अंग बिन्यासद्धारा मन्द गतिमा प्रस्तुत गरिने एक किसिमको कलात्मक एवं अलौकिक नृत्य हो । लयबद्ध भाषामा रागद्धारा गाइने गुरुङहरुको मौलिक गीतिकाव्य हो । लमजुङका ‘ख्याल्बो रोजा’ उपनाम भएको पर्सैं ख्ले (क्ले) भन्ने परसुराम घले राजा र रानी यमावती-को वीरगाथा र अमरगाथा गीतकै लयमा गाएर संझना गरिन्छ । यो घाँटु माघ महिनाको श्रीपञ्चमीको दिनमा स्थापना गरेर तीन महिनसम्म औसी, पूर्णिमा र गाउँ बार्ने दिनहरुमा लगातार अभ्यास गरेर बैसाख पूर्णिमाको अघिल्लो दिनदेखि सिंगार पटार गरेर सजिएको मञ्मा प्रर्दशन गरिन्छ । पूर्णिमाको दिनमा दिनभरि प्रर्दशन गरेर भोलि पल्ट सूर्यास्त नहुँदै देउराली डाँडामा लगेर समापन गरिन्छ । पर्वको अतिथिहरुमा त्यस गाउँको बिबाहित चेलीबेटी र ज्वाइहरुकासाथै वरपरका गन्य मन्यहरुलाई निमन्त्रण गरिन्छ । अतिथिहरुले आफ्नो गच्छे अनुसार दान हालेर घाँटु नाचको आतिथ्याई स्वीकार गर्ने गुरुङहरुको मौलिक संस्कार रहिआएको छ ।

यो घाँटु शब्द दुइवटा शब्दहरुको संयोजनबाट बनेको छ । घाँ+टु = ‘घाँटु’ । ‘घाँ’ भनेको तमू भाषाको मूल शब्द ‘गह’ अर्थात घाउको बहुरुपी स्वरुप हो । अर्थात काँक्रोको चिराभैंm चिराचिरा परेको हेर्न पनि नसकिने भयंकरै

डरलाग्दो एवं कहिलै निको नहुने ऐतिहासिक घाउ हो । 'टु' भनेको तमू भाषाको मूल शब्द 'टुब' अर्थात् सिलाउनु हो । त्यसैले, इतिहासको कालखण्डमा गुरुङको लोकप्रिय लमजुङगे घले राजालाई शाह राजाले गँडाइ दिएपछि गुरुङ समुदायमा पर्न गएको ऐतिहासिक घाउलाई मन्द गतिको अलौकिक नृत्य र रागद्धारा गीत गाएर सामाजिक घाउलाई सिलाएर मलम लगाउन प्रयत्न गरिएको मौलिक गीतिकाव्य हो । यही राग घाँटुको मूल सार हो ।

## १. कथाको प्रवेश:

एक दिन बिहानै त्रिकालदर्शी नम 'ख्होल-सौँ-थर'को राजा दबु ख्याल घलेको राजदरबारमा आयो । राजाले गुरुको सेवासत्कार गरेर भलाकुसारी गऱ्यो । अब म चालीस नाँघिसकेँ जायजन्म केही पनि भएन । मेरो जन्मकुण्डली राम्रोसंग बिचार गरिदिनु, राजाले भन्यो ।

हे राजन, तपाइँको कुण्डलीमा कुनै जायजन्म देखिदैन तर ... गुरुले भने । अब कसो गर्ने त गुरु भनेर राजाले विलाप गरेपछि एउटा उपाए छ, गुरुले भन्यो । के उपाए छ ? कस्तो उपाए छ ? बिधिबिधान पुऱ्याएर गरिदिनु, राजाले मधुर स्वरमा भन्यो ।

## २. यमावतीको दिव्य जन्म:

राजाको इच्छा मुताबिक राजदरबारमा विर्यदान महायज्ञ भयो । यज्ञको मूल कार्यक्रम सकिएपछि गुरुले

रानीलाई यज्ञस्थलमा बोलाउँनु भने । राजाले आफ्नो दासलाई इसारा गऱ्यो । दासले दासीलाई गएर भन्यो र दासीले रानीलाई भन्न गयो । रानी गुप्त कोठामा थिइन् । त्यसैले दासी आएर रानी गुप्त कोठामा छिन, भनिन् । त्यही कुरा, राजाले गुरुलाई भन्यो । यज्ञ गर्ने बेलामा गुप्त कोठामा बस्ने ? अब यज्ञको समय टरिसक्यो भनेर गुरुले रिसाउँदै यज्ञमा पानी फाल्यो । पानी फालेपछि अग्निकुण्डबाट १६ वर्षे दिव्य कन्याको जन्म भयो । दिव्य कन्या अग्निकुण्डबाट निस्केर गुरु र राजालाई ढोगिन । त्यसैबेला, रानी यज्ञस्थलमा आइपुगिन् । यिनी हाम्री दिव्य कन्या हुन्, राजाले भने ।

राजा र रानीले हाम्री दिव्य कन्याकी नाम के राख्ने भनेर गुरुलाई सोध्दा, यी दिव्य कन्या यम देशबाट गर्भधान हुँदै आग्निकुण्डबाट प्रकट हुन आएकी हुन् । दिव्य कन्या अत्यन्तै सुन्दरी एवं बत्तीसै लक्षणले युक्त भएकी र यम देशकी प्रतिनिधिका रुपमा रहेकीले यिनको नाम 'यम+ ह्याकुती' राख्दा अर्थ सिद्ध होला, गुरुले भन्यो । गुरुङ भाषामा ह्याकुतीको अर्थ इन्द्रेणी हुन्छ ।

यम ह्याकुतीको दिव्य जन्मको पावन अवसरमा 'ख्होल-सौँ-थर'मा तीन दिनसम्म दीपावली गरी भव्यरुपमा जन्मोत्सव मनाइयो । जनजीवनको जिब्रोमा यम ह्याकुती भनेर पूर्णरुपमा स्पष्टसंग उच्चारण गर्न असजिलो भएको हुनाले यमाकुती, हेमावती, युमावती भन्दै आएको हुनाले कालन्तरमा उनको नाम 'यमावती' रहन गयो ।

## ३. यमावतीको बिबाहः

राजा रानीले यम ह्याकुतीको बिबाह कोसंग गरिदिँदा राम्रो होला भनेर कुलगुरुसंग परामर्श गर्दा, यिनी दिव्य कन्या भएकीले आगोले पोल्न नसक्ने, हुरी बतासले उडाउँन नसक्ने, पानीले पनि बगाउँन नसक्ने र युग युगसम्म अमर हुने बरदान प्राप्त गरेकी छिन् । त्यसैले, यस्तो दिव्य कन्याको वर पनि सुरवीर एवं महाप्रतापी राजकुमार उपयुक्त हुन्छ भनेर गुरुले भनेपछि ‘ख्होल-सौँ-थर’मा युद्धकलाको प्रतियोगिता भयो ।

राजाको आदेश अनुसार ‘ख्होल-सैँ-थर’को महामन्त्री अरसु ख्ले (क्ले) घलेले युद्धकलाको प्रतियोगिताको तयारी गऱ्यो । तोकिएको समय र स्थानमा ‘ख्होल-सौँ-थर’को सम्पूर्ण सुरवीरहरुको जमघट भयो । युद्धकलाको प्रतियोगिता सम्पन्न भयो । प्रतियोगितामा महामन्त्री अरसु घलेको छोरा पर्सै ख्व्ले (क्ले) भन्ने परसुराम घले सर्वश्रेष्ट घोषणा गरियो ।

ख्होल-सौँ-थरको ख्व्ले (क्ले) घले राजपरिवारको परम्परानुसार यमावतीको बिबाह महामन्त्री अरसु घलेको छोरा पर्सै ख्व्ले (क्ले) भन्ने परसुराम घलेसंग धुमधामसंग सम्पन्न गरी परसुराम घलेलाई युवराज पनि घोषणा गऱ्यो । यसरी सर्वश्रेष्ट राजकुमार छानिएकोले उनको उपनाम ख्याल्बो रोजा राखिएको हो । बिबाह हुने समयमा यमावतीले परसुराम घलेसंग एउटा बाचाबन्धन गरेकी थिइन । त्यो के थियो भने ‘रानी पहिले मरे राजा जोगी

भएर जंगल जाने र राजा पहिले मरे राजासंगै रानी सती जाने' थियो । स्वर्गझैं सिंगारिएको राजदरबारमा बिबाह सम्पन्न भएपछि साँझ भोजभतेर सहित जलपान र मदिरा पान भयो । सबै भारदारहरु खुसियाली मनाउँदै थिए ।

ख्होल-सौँ-थरमा हिजो राजनीतिक बिद्रोह हुँदा, दबु क्याल घलेले बिद्रोह दबाएर सत्तामा आएका थिए । तिनै बिद्रोही समूहका भाइ छोराहरु दबु ख्याल राजासंग बदला लिने उद्देश्यले बिबाहको अवसरमा जलपानले लठ्ठिएको उपयुक्त मौका छोपी हतियार सहित लुकिछिपी राजदरबार पसी सबै भारदारहरुलाई नरसंहार गरे । यस्तो नरसंहारको दृश्य देखेर राजा र रानीको ह्रदयगति रोकिएर बसेकै ठाउँमै मृत्यु भयो । अधिकांश भारदारहरु काटिए मारिए । कति घायल भए । युवराज परसुराम घले र यमावती लुकिछिपी नमगुरुको शरणमा पुगे । केही समय त्यही बसी नयाँ कार्य योजनाहरुको रुपरेखा तयार गरे ।

## ४. लमजुङमा घले राजाको उदयः

ख्होल-सौँ-थर पतन भएपछि ख्याल्बो रोजा वा पर्सै ख्ल्ले (क्ले) भन्ने परसुराम घले र यमावतीले आफुसंग मनपेट मिलेका केही परिवार र भारदारहरु लिएर नमगुरुको परामर्श अनुसार पूर्वदिशा तिर आए । पाँच गाउँ कोँम्रो गाउँदेखि माथि म्हिल्दोकोट स्थापना गरेर केही वर्ष त्यही बसे । त्यसपछि लमजुङ १० थर डाँडामा आएर हेर्दा राम्रो, उज्यालो र रमाइलो चउर भएको स्थान देखेर त्यही

चउरमा आफ्नो राज्य स्थापना गरे । घले राजाले आफ्नो राज्यको नाम 'लमचुँ' र राजसभाको नाम 'नालछोज' नामकरण गऱ्यो । मन्त्रीलाई 'ख्याल' भन्ने पद दियो । पछि घले राजाको पतन भए पछि सो गाउँ घलेगाउँको नाउँबाट परिचित भयो ।

## ५. घले राजाको राज्य क्षेत्रहरुः

प्रथम क्षेत्रमा भुजुङ, उपल्लो घनपोखरा, तल्लो घनपोखरा, नायुँ, लामागाउँ, कपुरगाउँ, रापासिँ, नजरे, मालिङ, पुमा, बिम्दा र नाल्मा थियो । यस क्षेत्रलाई १० थर भनियो । घलेगाउँ राजधानी थियो । १० थर डाँडाको नालछोँज हुने स्थान 'कपुरगाउँ' थियो ।

द्वितीय क्षेत्रमा पसगाउँ, सिङदी, कुम्लुङ, चारा, भोजे, मोप्योङ, धाम्राङ, तोँबु, टक्सर, छाप, डडुवा, गिलुङ र कल्याङ थियो । यस क्षेत्रलाई पाँच गाउँ भनियो । पाँच गाउँ क्षेत्रको नालछोँज हुने स्थान 'साल्मे डाँडा' थियो ।

तृतीय क्षेत्रमा पाखिकोट, वार्चोक, भाचोक, नागिधर, याङजाकोट, ध्याम्राङ र ताङतिङ थियो । यस क्षेत्रलाई छ गाउँ भनियो । छ गाउँको नालछोँज हुने स्थान 'याङजकोट' थियो ।

चौथो क्षेत्रमा च्याम्चे, जगत, चजक्यु, सिउरुङ, ताघ्रिङ, थाकन, सिलढुंगा, मिप्रा, ढगै, टोँबु, खुदी, निम्द, रोउ, फाँचे, कसिँतुँ, सञ्जाबु, थालाजुङ, कालाधिरिङ, चिप्लो, उस्ता, भिर पुस्तुन, तराचे, भुलभुले र भंगेरी थियो

। यस क्षेत्रलाई चौध खोला भनियो । चौध खोलाको नाल छोँज हुने स्थान 'खुदी' थियो ।

पाँचौं क्षेत्रमा खासुर, भाचोक, हिले, टक्सर, लाँकुरीबोट र चिसापानी थियो । यस क्षेत्रलाई बाह्रथर भनियो । बाह्रथरको नाल छोँज गर्ने स्थान 'खासुर' थियो ।

## ६. नाल छोजको उद्देश्य:

(क) दाइले भाइलाई नमिच्नु ।

(ख) धनीले गरिबलाई नमिच्नु ।

(ग) बलियोले निर्बलियोलाई नमिच्नु ।

(घ) अम्माली जिम्मालीले सर्वसाधरणलाई नमिच्नु ।

(ङ) सर्वसाधरणले अम्माली जिम्मालीलाई नमिच्नु ।

लमजुङको घले राजाले स्थापना गरेको नालछोँजको उद्देश्य 'बहुजन हिताय बहुजन सुखाय' वा समानताको आधारमा आधारित थियो । नालछोँजमा बिशेष गरेर जग्गा जमिन, खोरिया, भीरपाखा, खोला, नाला, पोखरी, बन, जंगल, बाटो, घाटो, चौतारी, ठाँटी, पौवा, खर्क, खर्चरी, पुवाघारी, मौरीको भीर, डाँफेचरन, माछ्राचरन, गौचरन, साँध सिमाना, थिती बन्देज, रीतिरिवाज, चाडपर्व, संस्कृति, संस्कार आदिको बारेमा छलफल गरेर थिति बाँधिने थियो । यी थितिहरु सर्वसाधरण सबैलाई मान्य हुन्थ्यो ।

## ७. ऐतिहासिक पृष्ठभूमिः

हिजो लमजुङ १० थर डाँडामा रजाइँ गर्ने ख्याल्बो रोजा उपनाम भएको पर्सैं ख्ल्ले (क्ले) भन्ने परसुराम घले राजाले शिकार खेल्ने निहुमा कालु शाहको हत्या गऱ्यो । कालु शाहको हत्या घले राजाले गरेको हुनाले राजा यशोब्रम्ह शाहको घले राजासंग नराम्रो इबी थियो । त्यसो भएको हुनाले शाह राजाले घले राजालाई जसरी पनि सिध्याउने कपट उद्देश्य लिएर शान्ति संभ्फौता गरौं भनेर प्रस्ताव गऱ्यो । सरल स्वभाव र सोभ्फो मन भएको घले राजाले 'बहुजन हिताय बहुजन सुखाय'को लागि शान्ति संभ्फौताको प्रस्ताव स्वीकार गऱ्यो ।

अन्तमा, जमजुङ जिल्लाको मर्स्याङ्दी गाउँ पालिका अर्न्तगतको सेरागाउँ र बेसीशहर नगर पालिकाको पश्चिम उत्तर सिमाना खत्री गाउँकोबीचमा लामा गाउँदेखि पूर्वतिर बग्दै आएको भलम खोला र मर्स्याङदी नदीको दोभान मालेबगरको 'मान्द्रेढुंगा'मा बैसाख पूर्णिमाको दिनमा शान्ति संभ्फौताको मिति तोकियो । शान्ति संभ्फौतामा निःशस्त्र उपस्थित हुने शर्त पनि दुबै राजाबाट स्वीकार भयो । तोकिएको मिति र समयमा भलम खोला र मर्स्याङदी नदीको दोभान मालेबगरको मान्द्रेढुंगामा दुबै राजाहरु आ-आफ्ना सेना सहित उपस्थित भए । शान्ति संभ्फौताको प्रस्तावमा छलफल भयो । छलफलबाट कुनै निर्णय हुन नसकेपछि छलकपटमा निपुण भएका शाह राजाका सेनापतिले राति नै बालुवा मुनि लुकाएर राखेका

हतियारहरु झटपट निकालेर घले राजालाई गँडाइ दिए । कपट र षड्यन्त्रद्धारा घले राजा मारिएपछि हतियार रहित भएका उनका सेनाहरु ज्यान जोगाउन थाले ।

## ८. सती घाँटुको जन्मः

रानी यमावतीले राजा गिँडिएको खबर पाएपछि थालमा दूध हाली आफ्नो दिव्यशक्तिद्धारा राजाको अवस्था हेरिन् । त्यसरी हेर्दा, रानीले दूधमा रगतै रगत जमेको देखेपछि राजाको मृत्यु भइसकेको बिश्वास भयो । त्यसपछि आफ्नो दरबारमा भएका चलअचल धनसम्पत्ति-हरु मन्त्रीलाई र नाबालक बरसु घलेलाई धाइ आमासंग सुम्पेर आफुले गरेको बाचाबन्धन अनुसार मालेबगर पुगी राजासंगै सती जान चित्तामा बसिन् ।

राजाको मृत शरीर आगोले भष्म गऱ्यो । तर रानीलाई आगोले छोएन । नछुएपछि मेरो मृत्यु कहाँ छ भनेर नजिकैको मर्स्याङ्दी नदीमा पसिन् । तर, नदी थपक्क जम्यो । किनभने, यमावती दिव्य जन्म भएकीले आगोले पोल्न नसक्ने । हुरी बतासले उडाउँन नसक्ने । पानीले बगाउँन नसक्ने र अमर हुने वरदान प्राप्त थिइन । त्यसैले, आफ्नो मृत्यु खोज्न जंगलमा पसिन् । जंगल पसेपछि कुसुण्डी भइन् । त्यहीबाट गुरुङ संस्कृतिमा घाँटुको जन्म हुन्छ । अर्थात् रानी यमावतीनै घाँटुको मूल बिज हो । रानी यमावती सती गएकी स्थान भलम दोभानलाई 'सतीघाट' पनि भन्दछ ।

घाँटु माघ महिनाको श्रीपञ्चमीको दिनमा स्थापना गरिन्छ। किनभने राजा परसुराम घलेको जन्म श्रीपंचमीको दिनमा भएको थियो। त्यसैले, उनको अमरगाथाको स्मरण गर्नका लागि श्रीपञ्चमीकै दिनमा घाँटुको स्थापना गरिन्छ। घाँटुको सती, कुसुण्डी र बाह्रमासे गरी तीन प्रकारका हुन्छन् । सतीमा मादल बजाउदैन । बाह्रमासे जुनसकै समय पनि गाउन र बजाउन सकिन्छ।

## ९. सती घाँटु स्थापनाको साँगोपाँगोः

हिजो गाउँमा घाँटु सञ्चालन गर्ने निधो भएपछि माघ महिनाको श्रीपञ्चमीको दिनमा गाउँका पञ्च भलादमीहरु, घाँटुगुरुहरु, गुरुआमाहरु र रोघींका युवा युवतीहरु गाउँको प्रमुख भलादमीको घरमा जम्मा हुन्छन् । यस पटकको घाँटु कस्ले राख्ने भन्ने बारेमा अघिल्लो दिनमै निधो भइसकेको हुन्छ। त्यसैले त्यो दिनमा एउटा औपचारिकता मात्र पुरा गर्न घाँटु राख्ने समूहले एउटा रक्सीको पुङमा तीनपट्टि नौनीध्यू लगाएर मुखमा केराको पातले बाँधेर प्रमुख भलादमीको अगाडि सगुनका रुपमा चढाउँछन् ।

त्यसरी चढाउँन आएपछि मुख्या भलादमीले पनि सगुन स्वीकार गरेर त्यो वर्षको घाँटु सञ्चालनमा आवश्यक पर्ने सम्पूर्ण जिम्मेवारी त्यो समूहलाई सुम्पिन्छ। यसरी जिम्मेवारी लिनेहरुमा रोधीँ परिवार नै बढी हुन्छन्। रोघीँ नभएका गाउँहरुमा आमा समूह र पञ्च भलादमीले पनि जिम्मेवारी लिने गर्दछन् ।

घाँटु व्यवस्थापनका लागि निश्चित समूहले जिम्मेवारी लिइसकेपछि सर्वप्रथम त्यो वर्षको घाँटु सञ्चालनका लागि समूहबाट एक जना बिश्वाशिलो व्यक्तिलाई 'डिठा' भनेर चुनिन्छ । घाँटुको स्थापनादेखि समापनसम्मको सम्पूर्ण कार्यभार डिठाको निर्देशन अनुसार सञ्चालन हुन्छ । त्यसैले घाँटु पर्वमा डिठा महत्वपूर्ण पात्रको रुपमा रहन्छ ।

त्यो दिनमा दुइ जना नयाँ घाँटुनीहरुको चयन गरिन्छ । त्यसरी चयन गर्दा १२, १३ वर्ष पुगेको कुकुरले नटोकेको, सर्पले नटोकेको र ढिकी झाँतोले हात खुट्टा नबिगारेको सुन्दरी कन्याहरुलाई चयन गरिन्छ । चयन गरिसकेपछि ती कन्याहरुलाई हात खुट्टका नङहरु काटिदिने, नाक कानका गहनाहरु फुकाली पधेरामा लगि नुहाई दिएपछि गोबरले लिपेर वाला (बन केराको पात) राख्ने । त्यसमाथि गुन्द्रि ओक्ष्याएर घाँटुनीहरुलाई बसाउँछन् । घाँटुनीहरु अगाडि चोखो पानी, फूलपाती र अक्षता राखी बत्ती बाल्छन् । त्यति काम भइसकेपछि घाँटुका गुरुहरु दाहिनेपट्टि र गुरु आमाहरु बायाँपट्टि बस्छन् ।

त्यसपछि प्रमुख गुरुले फूलपती हातमा लिएर घाँटुको इष्ट देवताहरुः हिमचुली, बरचुली, देवचुली, यमचुली र मनचुलीकासाथै सिल्दो, साक्षी, सिमे, भुमे, देबी, देउता, देउराली, भयारी, ल्हल्नु, नाग नागिनी आदि सबैलाई पूजा गरी रागद्धारा एक चरण घाँटु गीत गाउँछन् । यसरी गीत गाइसकेपछि घाँटुनीहरुको अंगमा घाँटु चढ्छ । घाँटु

चढिसकेपछि भाले घाँटुनीले राजा र पोथीले रानीको स्वरुप धारण गर्दै मन्द गतिमा अलौकिक नृत्य प्रस्तुत गर्दछन् । प्रथम दिनमा यति कार्य सम्पन्न भइसकेपछि घाँटुको प्रथम साँगोपाँगो पूर्णरुपमा सफल भएको मानिन्छ ।

घाँटु पर्वमा अतिथि सत्कार, आयल गयल, आमिदामीका साथै खानपानका सम्पूर्ण व्यवस्थापन डिठाको निर्देशन अनुसार हुन्छ । श्रीपञ्चमीदेखि औसी, पूर्णिमा र गाउँ बार्ने दिनहरुमा लगातार तीन महिनासम्म अभ्यास गरेर बैशाख पूर्णिमाको प्रथम प्रहरदेखि सिँगारिएको मञ्चमा प्रदर्शन गरी भोलि पल्ट बेलुकी पख देउरालीको डाँडामा लगेर रागको गीतबाटै घाँटुको बिधिवत पूजा गरी समापन गरिन्छ ।

यसरी मन्द गतिको अलौकिक नृत्य प्रदर्शन गरेर समापन गर्नुको अर्थ के छ भने, हिजो घले राजालाई शान्ति संझौताको नाउँमा छलकपट गरेर बैशाख पूर्णिमाकै दिनमा गिँडाइ दिएको हुनाले सोही अवस्थाको स्मरण गर्दै पूर्णिमाको भोली पल्ट देउराली डाँडामा राजा रानीलाई सम्मानका साथ राजकीय श्रद्धाञ्जलि अर्पण गरिएको हो ।

घाँटु पर्वमा भएको आमिदामीबाट जेष्ठ पूर्णिमाको आसपासमा अनुकूलता हेरी गाउँका सम्पूर्ण मानिसहरु, ज्वाइ चेलीहरु र वरपरका भद्रभलादमीहरु सहितलाई निमन्त्रणा गरेर धुमधामका साथ (खुवइ) वनभोज खाने चलन रहेको छ ।

## १०. गीतिकाव्य घाँटु:

गीतिकाव्य घाँटुको गीत सम्पादन हुँदै छ । क्रमश ...

## ११. भेषभूषाः

घाँटुनीहरु गुन्यूचोली लगाएर गुरुङको भेषभूषामा सजिएकी हुन्छे । शिरमा धान भुटेर फूलेको सेतो लयाँबाट मुकुट बनाएर लगाउँछिन् । जसलाई राजा रानीको श्रीपेचको प्रतीक मानिन्छ ।

बाह्रमासे घाँटु सती घाँटु जस्तोरी बिधिबिधान पुराएर नाच्नु पर्ने होइन । यो जहिले पनि नाच्न र गाउँन मिल्छ । यो घाँटु विशेष गरेर रमाइलो चाड पर्व र अतिथिहरुको अनुरोधमा पनि प्रस्तुत गरिन्छ । यो घाँटुको गीत झ्याउरे भाषामा गाइन्छ । त्यसैले यसलाई झ्याउरे घाँटु पनि भनिन्छ । तर, वैशाख पूर्णिमादेखि असोज सुक्लपक्षसम्म सती धाँटुको नृत्य गर्न हुँदैन ।

## १२. कुसुण्डी घाँटुको कथाः

हिजो लमजुङ जिल्लाको १० थर डाँडामा कुसुन्डी घाँटुको स्थापना भयो । गुरुले गीतकै रागबाट घाँटुनी-हरुलाई बेहोस बनाइ घाँटु प्रदर्शन गऱ्यो । प्रदर्शन समाप्त भएपछि घाँटुनीहरुलाई जगाउँनका लागि गुरुले गीतैबाट राग फर्कायो । तर घाँटुनीहरुलाई जगाउँन सकेनन् । नसकेपछि मृत्यु भयो भनेर चिहानमा लगेर गाडियो ।

घाँटुनीहरुलाई जिउदै गाडेको घटनाले यमावतीलाई औधी पीडा भयो । त्यसैले, दिव्य जन्म भएकी रानी यमावती जो सतीकाण्ड पछि कुसुण्डीको भेषमा जीवित थिइन, एक जना गोठाल्नीको भेषमा कुसुण्डी घाँटुको गीत गाउँदै चिहान नजिकै आइ पुगिन् । त्यो गीतले घाँटुनीहरु पुनः बोहोरिएर चिहान उठाउँदै निस्कियो । तिमीहरु को हौ भनेर गोठाल्नीले सोध्द हामीहरु कुसुण्डी घाँटुनीहरु हौं । तीन दिन अगाडि गुरुले रागबाट जगाउँन नसकेपछि हामीलाई मृत्यु भयो भनेर यहाँ गाडिएको थियो । तर अहिले तपाइँको गीतले हामीहरु बोहोरियौं भने । गोठाल्नी र घाँटुनीहरुबीच यति सम्वाद भएपछि गोठाल्नीले घाँटुनी-हरुलाई गाउँमा पुऱ्याइ दिए । घाँटुनीहरु बोहोरिएर आएको देखेर गाउँलेहरु सबै खुसी भए ।

गोठाल्नीलाई सम्मान गर्ने भनी गाउँलेहरु भेला भए । तर गोठाल्नी जंगलतिर फर्किसकेकी थिइन् । उनी फर्किएको दुई जना घाँटुनीहरुले बाहेक अरु कसैले पनि देखेनन् । प्रमुख घाँटु गुरुले गोठाल्नीलाई भेट्न नपाएपछि उनी को थिइन भनी ध्यानदृष्टिबाट हेर्दा, कुसुण्डी बनेकी रानी यमावतीनै गोठाल्नीको भेषमा आएर घाँटुनीहरुलाई जगाएको बिश्वास भयो । कुसुण्डी गीतको पूर्णपाठ सिक्न कुसुण्डीलाई खोज्दै गुरु पनि जंगलै पसे, तर गुरु कहिलै फर्किएन । त्यसैले, कुसुण्डीको पूर्णपाठको गीत कसैले पनि सिक्न सकेन । त्यहाँबाट गुरुङहरुले कुसुण्डी घाँटुको नाउँमा केही अंशमात्र प्रदर्शन गर्न थाले । त्यसैले कुसुण्डी

घाँटु नाउँमा मात्र जीवित रहन पुगेको छ ।

यो गीतिकाव्य घाँटु गुरुङ समुदायको महान सांस्कृतिक एवं ऐतिहासिक पर्व हो । घले राजाको राजदरबारमा राजनीतिक पूर्वग्रहीबाट नरसंहार भएपछि ख्होल-सौँ-थरको पतन भयो । त्यसपछि राजा ख्याल्बो रोजा उपनाम भएको पर्सै ख्ल्ले (क्ले) भन्ने परसुराम घलेले अहिलेको घले गाउँ भएको ठाउँमा राज्य स्थापना गरेको हुनाले उक्त ठाँउलाई घले गाउँको नामबाट परिचित हुन आयो । अहिले घले गाउँमा आन्तरिक पर्यटन व्यवसाय राम्रोसंग सञ्चालन भएको छ ।

घले राजा र रानी यमावतीले ‘ख्होल-सौँ-थरदेखि सतीघाट माले बगर’सम्म ऐतिहासिक यात्रा गरेको हुनाले राजा रानीको वीरगाथा र जीवन गाथा छन्द छन्दमा रागद्धारा गाएर मन्द गतिको अलौकिक नृत्य प्रदर्शन गरिने घाँटु नृत्य गुरुङ समुदायको मौलिक गीतिकाव्य हो ।

## ८. क्यसो पर्व (साउने संक्रान्ति):

नेपाल कृषि प्रधान देश भएकाले नेपालको अर्थतन्त्र पनि कृषिमै आधारित छ । नेपालको भौगोलिक अवस्था विषम भएको हुनाले पहाडी क्षेत्रहरुमा पुरानै किसिमको कृषि प्रणलीद्धारा खेतीपाती गर्ने गरिन्छ । खेतीपाती उत्पादन गर्ने सवालमा पानीखेति अर्थात धानको उत्पादनमा विशेष जोड दिइन्छ ।

नेपालको मौसम अनुसार धान उत्पादन गर्ने समय असार र साउन महिना हो । असार महिना भरि धानको रोपाइ चापाचाप हुने भएकोले सबै थकित भैसकेका हुन्छन् । त्यसै बखत साउन महिनाको प्रथम दिन (क्यसो पर्व) साउने संक्रान्ति पर्व मनाइन्छ । साउने संक्रान्ति पर्वमा बेलुकी पख खानपिन गरिसकेपछि आँगनको डिलमा एउटा ढुंगा माथि गोबरले लिपपोत गरेर गोबरको दुइवटा डल्ला माथि एक एक वटा निबुवा राखिन्छ । निबुवाको बीचमा सिरुको पात, कुरिलो र दुबोको मुठो गरेर राखिन्छ । यति भएपछि क्यसो अर्थात् लुतो फाल्ने थान तयार भयो ।

साँझ लगभग रात छिप्पि सकेपछि घरको प्रमुख व्यात्तिले भारमा सुकाएर राखेको सिठाको मुठामा आगो सल्काएर राम्रोसंग आगो सल्किएको एउटा अगोल्टो बोकी भट्याउँदै घरबाट निस्केर यसो भन्छन् –

ए... ए ... यस पटकको (केसो पर्व) साउने संक्रान्तिले लुतो लइजा, कन्याउँने लइजा, टाउको दुख्ने लइजा, पेट दुख्ने लइजा, रोगव्याध लइजा, अनिकाल लइजा सहकाल ले लेले ... उइइई ... भनेर चिच्याउँदै सिठाको मुठो दुबो माथि राखेर अगोल्टो चाहि कस्सेर फाल्ने चलन छ। यसरी लुतो फालेपछि रोगव्याध, अनिकाल जान्छ र सहकाल आउँछ भन्ने सामाजिक मान्यता रहेको छ।